# व्यक्तिगत घटना दर्ता सप्ताह

**२०८२ साल बैशाख १ देखि ७ गतेसम्म**

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयहरुमा दर्ता गरौं / गराऔं ।

नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं

मेलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भेड्पु, दोलखा

# जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ

जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र निःशुल्क रुपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।

## जन्म



### जन्म दर्ता गराउँदा चाहिने कागजातहरु :

- आमा वा बाबुको नागरिकता,
- स्वास्थ्य संस्था वा अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाणित कागज,
- घरमा जन्म भएको हकमा पछिल्लो खोप कार्ड
- विदेशी नागरिक भएमा, बाबु आमाको राहदानी प्रमाणपत्रको प्रतिलिपि तथा सम्बन्धित स्थानीय तहको वडामा बसोबास रहेको प्रमाण
- बाबु बेपत्ता वा ठेगान थाहा नभएको भए सो सम्बन्धी प्रहरी प्रतिवेदन

## मृत्यु

### मृत्यु दर्ताका लागि चाहिने कागजपत्रहरु :

- मृतकको नागरिकताको प्रमाणपत्र (नागरिकता बनेको भएमा) वा जन्मदर्ता (नागरिकता नबनेको भएमा),
- सूचकको नागरिकता
- मृतक विदेशी भएमा सूचक र मृतकको राहदानी, प्रवेशाज्ञा तथा निज त्यस वडामा बसोबास गरेको प्रमाण, सम्बन्धित मुलुकको नेपालस्थित कुटनीतिक नियोगको सिफारिस
- स्वास्थ्य संस्थामा मृत्यु भएमा मृत्युको प्रमाण



## विवाह



### विवाह दर्ता गराउँदा चाहिने कागजातहरु :

- विवाह दर्ता गर्न पति र पत्नी दुवै सूचक हुनुपर्छ ।
- दुलाहा दुलहीको नागरिकता प्रमाणपत्र वा राष्ट्रियता खुल्ने कागज ।
- दुलाहा वा दुलही दुवैको हालै खिचेको अटो साईजको फोटो,
- अदालतबाट नाता कायम भएको अवस्थामा नाता कायमको कागज
- कुनै एकजना विदेशमा रहेमा विदेश स्थित नेपाली नियोगबाट प्रमाणित अधिकृत वारेसनामा

## सम्बन्ध विच्छेद

### सम्बन्ध विच्छेद दर्ता गराउन चाहिने कागजातहरु :

- सुचकको नागरिकता प्रमाणपत्र,
- अदालतबाट सम्बन्ध विच्छेद भएको फैसला,
- विदेशमा सम्बन्ध विच्छेद भएको हकमा त्यहाँको प्रचलित कानुन अनुसार सम्बन्ध विच्छेद भएको प्रमाणपत्र र कुटनीतिक नियोगबाट प्रमाणित भएका अंग्रेजी भाषाका कागजातलाई नोटरी पब्लिकबाट अनुवाद गरेको वा कन्सुलर सेवा विभागबाट प्रमाणिकरण गरेको सक्कल प्रति ।



## बसाइँ सराइ



### बसाइँ सराइ दर्ताका लागि चाहिने कागजातहरु:

**बसाइँ सरेर जादा चाहिने कागजातहरु :**

- लगत हस्तान्तरण फाराम
- बसाई सराई गरेर जाने सुचकको नागरिकताको प्रमाणपत्र,
- १६ वर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्र र १६ वर्ष भन्दा माथिका नागरिकको हकमा नागरिकता र नागरिकता नभएमा जन्मदर्ताको प्रमाणपत्र
- परिवारका सम्पूर्ण सदस्यको सबै व्यक्तिगत घटना दर्ता गरेपछि मात्र बसाइँ सराइ दर्ता गर्नुपर्छ ।

**बसाइँ सरेर आउँदा चाहिने कागजातहरु :**

- लगत हस्तान्तरण फाराम
- बसाई सराई गरेर आँउदा घरमुली वा सूचकको नागरिकता

बसाइँ सराइ गरेर जाँदा (जुन ठाँउबाट जान लागिएको हो) र आँउदा (बस्न लागिएको नयाँ ठाँउ) दुबै ठाँउमा घटना दर्ता गर्नुपर्छ ।

नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं

मेलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भेड्पु, दोलखा

# व्यक्तिगत घटना दर्ता सप्ताह

## २०८२ साल बैशाख १ देखि ७ गतेसम्म

### जन्म दर्ता किन गर्ने ?







बालबालिकालाई
स्कुल भर्ना गर्न

नागरिकता र
पासपोर्ट बनाउन





नावालक परिचयपत्र
बनाउन



सामाजिक सुरक्षा
भत्ता प्राप्त गर्न

बैंक खाता खोल्न

*माथि उल्लेखित सेवाका साथै अन्य विभिन्न सरकारी सेवा प्राप्त गर्न*

नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं

मेलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भेड्पु, दोलखा